# लोक सेवा आयोग
# महेन्द्रनगर कार्यालय
## महेन्द्रनगर कञ्चनपुर

**राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान सहायक पदको द्वितीय चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना।**

**सूचना नं. ११/२०७८/७९** | **मिति : २०७८/०६/२०**

राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान सहायक पदमा मिति २०७८।६।२ गते यस कार्यालयबाट संचालन भएको प्रथम चरणको लिखित परीक्षा संलग्न भई सो परीक्षा उत्तीर्ण भएका उम्मेदवारहरुको दोश्रो चरणको लिखित परीक्षा तपसिलको मिति, समय र परीक्षा भवनमा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गरी संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। परीक्षार्थीहरुले पालना गर्नु पर्ने कुरा तल **द्रष्टव्य १ र २** मा उल्लेख गरिएको छ ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समुह | लिखित परीक्षा मिति | | परीक्षा समय |
|---|---|---|---|---|---|
| | | | द्वितीय पत्र | तृतीय पत्र | |
| १. | ०३/०७७-७८ (खुला तथा समावेशी) | अनुसन्धान सहायक, नेपाल विशेष सेवा, रा.प.अनं.द्वितीय श्रेणी सरह | २०७८/०७/९ | २०७८/०७/१० | दिनको २:०० बजे |

**परीक्षा भवन**

| क्र.सं. | रोल नं. | | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | ७००२३ | ७१३५१ | ४५ | श्री लोक सेवा आयोग महेन्द्रनगर कार्यालय कञ्चनपुरको परीक्षा भवन। |

| ...................... | ...................... | ...................... |
|---|---|---|
| **(प्रकाश चपाई)** | **(खगेन्द्रप्रसाद भट्ट)** | **(मुक्तिराम रिजाल)** |
| **नायव सुब्बा** | **शाखा अधिकृत** | **उपसचिव** |

**द्रष्टव्य १.**

- उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डट्पेन र कलम** मात्र प्रयोग गर्नु पर्नेछ।
- प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराइने छैन। **प्रवेशपत्रको साथमा** नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनु भन्दा कम्तीमा १ घण्टा अगावै** तोकिएको परीक्षा भवनमा आईपुग्नु पर्नेछ।
- परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा इलेक्ट्रोनिक डिभाइस ल्याउन** निषेध गरिएको छ।
- परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन।
- उम्मेदवारलाई तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनमा सहभागी गराइने छैन।

द्रष्टव्य २ .**संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्वन्धी मापदण्ड २०७७ अनुसार परीक्षार्थीले देहायका विषयको पुर्ण पालना गर्नुपर्नेछ।**

- परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि अनिवार्य रूपमा मास्क लगाउनु पर्नेछ। उम्मेदवार स्वयंले आफ्नो लागि स्यानिटाइजर र खानेपानीको व्यवस्था गर्नु पर्नेछ।
- परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय जाँदा आउँदा ,परीक्षा केन्द्र बाट बाहिरिदा एक आपसमा दुरी कायम गर्नु पर्नेछ।
- परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पुर्ण पालना गर्नु पर्नेछ।
- परीक्षा केन्द्रमा प्रवेश गर्दा, परीक्षा सकी बाहिरिदा, समुहमा भेला हुने ,छलफल गर्ने, आपसमा कुराकानी गर्ने गर्नु हुदैन।

- कोभिड-१९ बाट संक्रमित परीक्षार्थीका लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने हुँदा कोभिड-१९ संक्रमित परीक्षार्थीले परीक्षा सुरु हुन भन्दा कम्तीमा ३ घण्टा अगाडि कार्यालयको फोन नं.०९९५२१२०९/०९९५२३९९२ मा सम्पर्क गरी जानकारी गराउनु पर्नेछ।